**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०८ मार्च २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- पश्चिम बंगालमा राष्ट्रपति द्रौपदी मुर्मुको उत्तर बंगाल भ्रमणको क्रममा कथित प्रोटोकल उल्लंघन र सुरक्षा कमजोरीको विषयलाई लिएर केन्द्रीय गृह मन्त्रालयले राज्य सरकारसित विस्तृत प्रतिवेदन माग गरेको छ।
- तृणमूल कांग्रेसको नेता अनि राज्यका मुख्यमंत्री ममता बनर्जीले आफ्नो पार्टीका सबै नेताहरुलाई राष्ट्रपतिको संबंधमा कुनै पनि राजनैतिक टिप्पणी नगर्ने चेतावनी दिनुभएको छ।
- आज अंतर्राष्ट्रीय महिला दिवस हो। राष्ट्रपति द्रौपदी मुर्मुले महिलाहरूलाई अवसर र सहयोग दिइएमा उनीहरूले प्रत्येक क्षेत्रमा उत्कृष्ट काम गर्न सक्ने बताउनुभएको छ।
- युवा मामला अनि खेल मंत्री मनसुख मंडावियाले देशका युवाहरुसित विकसित भारतको निर्माणको मिशनमा निर्णायक नेतृत्वको भूमिका निर्वाह गर्ने आह्वान गर्नुभएको छ।
- खाना पकाउने गैस सिलिण्डरको मूल्य वृद्धिको विरोधमा तृणमूल कंग्रेसका महिला नेताहरूले आज कोलकातामा विरोध प्रदर्शन गरेका छन्।

**प्रटोकोल उल्लंघन**

पश्चिम बंगालमा राष्ट्रपति द्रौपदी मुर्मुको उत्तर बंगाल भ्रमणको क्रममा कथित प्रोटोकल उल्लंघन र सुरक्षा कमजोरीको विषयलाई लिएर विवाद चर्किएको छ। यस घटनालाई गम्भीर रूपमा लिँदै भारतको केन्द्रीय गृह मन्त्रालयले पश्चिम बंगाल सरकारसित विस्तृत प्रतिवेदन माग गरेको छ। मन्त्रालयले राज्यका मुख्य सचिवलाई पत्र पठाउँदै बेलुकी पाँच बजेसम्म रिपोर्ट बुझाउने निर्देशन दिएको थियो।

*यो विवाद दार्जिलिङ जिल्लामा आयोजित नवौँ अन्तर्राष्ट्रिय सन्थाल सम्मेलनमा राष्ट्रपति मुर्मुको सहभागितापछि सार्वजनिक भएको हो। राष्ट्रपतिले कार्यक्रममा राज्यकी मुख्यमन्त्री ममता बनर्जी अथवा कुनै मन्त्री पनि स्वागतका लागि उपस्थित नभएकोमा आश्चर्य व्यक्त गर्नुभएको थियो। पदको गरिमाका लागि प्रोटोकल पालना हुनुपर्ने उहाँले बताउनुभएको छ। राष्ट्रपतिको सुरक्षासम्बन्धी 'ब्लु बुक' का केही नियम उल्लंघन भएको आरोप पनि लागेको छ। राष्ट्रपतिलाई स्वागत र विदाइ गर्न मुख्यमन्त्री, मुख्य सचिव तथा डीजीपी मध्ये कोही पनि उपस्थित नभएको बताइएको छ। साथै प्रशासनिक अव्यवस्थाबारे पनि प्रश्न उठेको छ। कार्यक्रमको स्थान अन्तिम समयमा परिवर्तन गरिएकाले पनि विवाद बढेको छ। पहिले ठूलो स्थानमा आयोजना गर्ने योजना भए पनि पछिबाट बागडोगरा नजिकको सानो स्थानमा सारिएको थिय, जसका कारण धेरै मानिस कार्यक्रममा सहभागी हुन नपाएको बताइएको छ। यस विषयमा प्रतिक्रिया दिँदै भारतका गृह मन्त्री अमित शाहले पश्चिम बंगाल सरकारको कडा आलोचना गरेका छन्। उहाँले राष्ट्रपतिको अपमान भएको आरोप लगाएका छन्। तर मुख्यमन्त्री ममता बनर्जीले यी आरोपहरु अस्वीकार गर्दै आफुले राष्ट्रपतिको पूर्ण सम्मान गर्ने बताउनुभयो। उहाँले यस कार्यक्रमबारे राज्य सरकारलाई आधिकारिक जानकारी नभएको दाबी गर्नुभएको छ। यस घटनापछि केन्द्र र पश्चिम बंगाल सरकारबीचको सम्बन्धबारे नयाँ बहस शुरु भएको छ। यसै बीच तृणमूल कांग्रेसको नेता अनि मुख्यमंत्री ममता बनर्जीले आफ्नो पार्टी का सबै नेताहरुलाई राष्ट्रपति को संबंध मा कुनै पनि राजनैतिक टिप्पणी नगर्ने चेतावनी दिनुभएको छ। आज कोलकाताको धर्मतलामा मुख्यमंत्री ममता बनर्जीले यस मामलामा कुनै पनि प्रतिक्रिया तथा स्पष्टीकरण दिने आवश्यकता भएको खण्डमा मुख्यमंत्री स्वयंल यस बारे बोल्नुहुने कुरो बताउनुभयो। उहाँले राष्ट्रपतिको संबंधमा कुनै अन्य बयान नदिने निर्देश पनि दिनुभएको छ।*

**संथाल सम्मेलन सिलीगुड़ी**

दार्जीलिंग जिल्लाको सिलीगुड़ी स्थित बागडोगरामा हिजो शनिवारदेखि आरम्भ दुई दिने अन्तर्राष्ट्रीय संथाल सम्मेलन आज सम्पन्न भयो। यसको उद्घाटन महामहिम राष्ट्रपति द्रौपदी मुर्मुले गर्नु भएको थियो। उद्घाटन सत्रमा केन्द्रीय जनजातीय मामला राज्यमंत्री दुर्गा दास उईके पनि उपस्थित थिए। यस सम्मेलनमा देशका विभिन्न राज्यहरू विशेष गरि पश्चिम बंगाल, पूर्वोत्तर भारत, उडीसा, झारखण्ड, छत्तीसगढ तथा छिमेकी देश नेपालबाट 250 भन्दा बढी प्रतिनिधिहरूले सहभागिता गरे। मुख्य अतिथिको रूपमा सम्मेलनलाई संबोधित गर्दै राष्ट्रपति द्रौपदी मुर्मुले संथाल समूदायको वीरता, देशको आजादीमा योगदान, समृद्ध संस्कृति र परम्पराहरू, संथाल भाषालाई संवैधानीक मान्यता, संथाली भाषा अल्चिकीमा संविधानको अनुवाद तथा देशका आदिवासी समूदायको सर्वांगीण विकासमा प्रधानमंत्री नरेन्द्र मोदी सरकारका असाधारण कार्यहरूको विशेष उल्लेख गर्नु भयो। यस अवसरमा बोल्दै केन्द्रीय जनजातीय मामिला राज्यमंत्री श्री दुर्गा दास उईकेले देशका आदिवासी समाजको विकास र उन्नतीका लागि प्रधानमंत्री श्री नरेन्द्र मोदीको केन्द्र सरकारले चालेका महत्वपूर्ण पाइलाहरूको उल्लेख गर्नुभयो। संथाल परिषदका कार्यवाहक

अध्यक्ष नरेश कुमार मुर्मुले भन्नु भयो कि यस दुई दिने सम्मेलनमा आदिवासी समाजका विभिन्न समस्याहरू, त्यसको समाधान, सामाजिक गौरव र भाषा संस्कृतिको संरक्षण संवर्धन आदि जस्ता विषयहरूमाथि विशेषज्ञहरूद्वारा गहन विचार विमर्श गरियो। राज्यकी मुख्यमंत्रीलाई सम्मेलनमा निम्ताएको उहाँले पुष्टी गर्नु भएकोछ। सुन्नुहोस् हाम्रा सम्वाददाताको एक रिपोर्ट.....

## उपराष्ट्रपति-पश्चिम बंगाल

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले राष्ट्रपतिको पद सर्वोच्च संवैधानिक पद रहेको अनि यसलाई सदैव गरिमा, प्रोटोकॉल अनि सम्मान दिइन पर्ने कुरो बताउनुभएको छ। सोशल मीडिया पोस्टमा उहाँले हिज राज्यमा, राष्ट्रपति द्रौपदी मुर्मुको लागि पदको अनुरूप व्यवस्थामा चूक भएको दुर्भाग्यपूर्ण रहेको बताउनु भयो।

## राष्ट्रपतिको आपमानको विरोध

देशका आदिवासीहरूको सबै भन्दा ठूलो संस्था अखिल भारतीय वनवासी कल्याण आश्रमले हिजो सिलगढीमा राज्यको टीएमसी सरकारद्वारा राष्ट्रपतिको प्रोटोकॉल उलंघन गरिएकोमा कडा विरोध जनाएको छ। एक प्रेस विज्ञप्तिमा संस्थाका राष्ट्रीय अध्यक्ष सत्येन्द्र सिंहले- हिजो सिलगढीको गोसाईपुरमा भारतकी राष्ट्रपति द्रौपदी मुर्मूसित हिजो अंतरराष्ट्रीय संथाल सम्मेलनको बेला राज्य सरकारले गरेको व्यवहारलाई निंदनीय र अपमानजनक बताएका छन्। राष्ट्रपतिको कार्यक्रम विधाननगर उपमंडलमा हुनु थियो, तर पुलिसले अनुमति दिएन, त्यसलाई बागडोगराको गोशाईपुरमा स्थानांतरित गरियो अनि त्याहाँ पनि मानिसहरूलाई सामेल हुन देखि रोकियो उहाँले भन्नु भयो। उहाँले प्रशासनिक अधिकारिहरूले सहयोग नगरेकोमा पनि गम्भीर चिन्ता व्यक्त गर्नु भएकोछ।

## भाजपा-पश्चिम बंगाल

भारतीय जनता पार्टीले पश्चिम बंगालमा तृणमूल कांग्रेस-टीएमसी सरकारको राष्ट्रपति द्रौपदी मुर्मुको यात्रा अवधि प्रोटोकॉलको पालन नगर्ने अनि हिज राज्यमा आयोजित अंतर्राष्ट्रीय संथाल सम्मेलनको स्थान अचानक परिवर्तित गर्नका लागि आलोचना गरेको छ। आज नयाँ दिल्लीमा संवाददाताहरुलाई संबोधन गर्नुहुँदै, भाजपाका वरिष्ठ नेता रवि शंकर प्रसादले भन्नुभयो टीएमसी समेत विपक्षी नेताहरुले संविधान खतरामा रहेको आरोप लगाएका छन्, तर टीएमसीको आचरणले देशका सर्वोच्च संवैधानिक प्राधिकरणको अपमान गरेको छ। श्री प्रसादले ममता बनर्जीको नेतृत्व रहेको सरकारको यस कृत्यको निंदा गरेका छन्।

## विहारका उपमुख्यमंत्री सिलगढी

बिहारका उप-मुख्यमंत्री सम्राट चौधरी आज अपरान्ह सिलगडी आइपुग्नु भएकोछ। उहाँ भारतीय जनता पार्टीको परिवर्तित संकल्प यात्रामा भागलिन आउनु भएको हो। आज मालबजारमा उहाँले भाजपाको परिवर्तित संकल्प यात्रालाई सम्बोधित गर्दै आगामी विधानसभा चुनावमा अहंकारी ममता ब्यानर्जी सरकारको बिदाई निश्चित छ भनि बताउनु भयो। उहाँले हिजो सिलगढीमा राष्ट्रपतिको अपमानको मुद्दाले राज्यका आदिवासी र जनता आक्रोशित बनेको बताउनु भयो।

## अंतर्राष्ट्रीय-महिला-दिवस

आज अंतर्राष्ट्रीय महिला दिवस हो। यस वर्षको विषय- महिला र बालिकाहरुका लागि अधिकार, न्याय र कारवाही रहेको छ। हाम्रा संवाददाताले बताए अनुसार यसले महिला अधिकारलाई सशक्त पार्न, न्यायमा पहुँच सुनिश्चित गर्न र स्त्री-पुरुष समानतालाई तीव्र पार्ने भावनालाई दर्शाउँदछ। राष्ट्रपति द्रौपदी मुर्मुले महिलाहरूलाई अवसर र सहयोग दिइएमा उनीहरूले प्रत्येक क्षेत्रमा उत्कृष्ट काम गर्न सक्ने बताउनुभएको छ। आज नयाँ दिल्लीमा अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोजित राष्ट्रिय स्तरको कार्यक्रमलाई सम्बोधित गर्दै राष्ट्रपतिले भन्नुभयो महिलाहरूले उद्यमशीलता होस् वा कर्पोरेट जगत, सबै क्षेत्रमा नेतृत्व लिईरहेका छन्। आज अन्तराष्ट्रीयत महिला दिवसको अवसरमा उपराष्ट्रपति सी.पी. राधाकृष्णनले सबै महिलाहरूलाई बधाई दिनुहुदै भारतको गौरवशाली इतिहासमा महिलाहरू साहस, बुद्धिमत्ता र करुणाको प्रतिमूर्ति रहेको बताउनुभएको छ। प्रधानमंत्री नरेन्द्र मोदीले पनि नारी दिवसको अवसरमा सबै महिलाहरुलाई शुभकामना दिनुभएको छ। देशको नारी शक्तिको उपलब्धिहरु गौरवको स्रोत रहेको बताउनुहुँदै, यसले राष्ट्र निर्माणमा नारीहरुको परिवर्तनकारी भूमिकालाई दर्शाउद्छ भनी प्रधान मंत्रीले बताउनुभयो। अंतर्राष्ट्रीय महिला दिवसको अवसरमा गृह मंत्री अमित शाह, लोकसभा अध्यक्ष ओम बिरला तथा अन्य वरिष्ठ मंत्री

एवं नेता गणले पनि देशका महिलाहरुलाई शुभकामना दिएका छन्। यसको साथै राज्यका विभिन्न भागहरुमा पनि आज धेरै कार्यक्रमहरु आयोजन गरी नारी दिवस पालन गरिन्दैछ।

**कोलकाता- मंडाविया**

युवा मामला अनि खेल मंत्री मनसुख मंडावियाले देशका युवाहरुसित 'विकसित भारत' को निर्माणको मिशनमा निर्णायक नेतृत्वको भूमिका निर्वाह गर्ने आह्वान गर्नुभएको छ। उहाँले आज कोलकातामा राज्य स्तरीय माय भारत यूथ वॉलंटियर सम्मेलनमा भाग लिनुभयो। श्री मंडावियाले देशका एक सय 40 करोड़ नागरिकले सामूहिक रूपसित देशको प्रगतिलाई अघि बढ़ाउने, विशेष गरी विकसित भारतका प्राथमिकता- आजका युवाले भविष्यको निर्माणको नेतृत्व गर्न पर्ने कुरो माथि बल दिनुभएको छ। यस दृष्टिकोणलाई साकार बनाउनका लागि, खेल मंत्री मनसुख मंडावियाले देश भरीमा एक लाख युवा नेताहरुलाई चिन्हित गरी उनीहरुलाई प्रशिक्षित गर्ने एउटा पहलको घोषणा गर्नुभयो। उहाँले भन्नुभयो यी नेता राजनैतिक घरानाबाट होइन तर देशका सबै भन्दा सूदूरवर्ती क्षेत्रहरुका साधारण परिवारहरुबाट चयन गरिनेछ। यस पहलमा विशेष रूपले ती युवाहरुलाई लक्षित गरिनेछ जसमा नेतृत्वको जन्मजात क्षमता अनि सामाजिक प्रभाव पार्ने प्रबल क्षमता हुनेछ। खेल मंत्रीले भन्नुभयो प्रधानमंत्री नरेन्द्र मोदीद्वारा शुरू गरिएको 'माय भारत' मंचले अघि बाटै यस विकासको आधारशिलाको रूपमा कार्य गरिरहेको छ। यस पहलमा दुइ करोड़ भन्दा अधिक युवा पंजीकृत छन् अनि विभिन्न राष्ट्र निर्माण गतिविधिहरुमा सक्रिय रूपले भाग लिइरहेका छन्।

**सिलिण्डर विरोध**

खाना पकाउने गैस सिलिण्डरको मूल्य वृद्धिको विरोधमा तृणमूल कंग्रेसका महिला नेताहरूले कालो वस्त्र लगाएर आज कोलकातामा भाँड़ा-वर्तन बजाएर विरोध प्रदर्शन गरेका छन्। आज बिहान सबैभन्दा पहिला कोलकाताको सुभाष मल्लिक स्क्वायरमा राज्यका मन्त्रीद्वय शशि पाञ्जा अनि चन्द्रिमा भट्टचार्यको नेतृत्वमा विरोध प्रदर्शन गरियो। यस अवधि सांसद माला राय र विधायक नैना ब्यनर्जी सहित केही तृणमूल नेता-कार्यकर्ताहरू उपस्थित थिए। पछिबाट सबै नेताहरूले धर्मतला स्थित मुख्यमन्त्रीको धरना मञ्चमा पुगेर भर्खरै केन्द्र सरकारद्वारा प्रति सिलेण्डर 60 रुपियाँ बढ़ाइएको विरोधमा भाँड़ा-वर्तनहरू बजाएर विरोध प्रदर्शन गरे।

**********